**सर्वोच्च अदालत, संयुक्त इजलास**
**सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपकराज जोशी**
**माननीय न्यायाधीश श्री शारदाप्रसाद घिमिरे**
**आदेश**
**०७३-WO-०९१७**
मुद्दा : **परमादेश।**

कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. वडा नं. ९ बस्ने आमोद दाहाल................१ **निवेदक**

**विरूद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं.................१ **विपक्षी**
नेपाल सरकार, पशुपक्षी बिकास मन्त्रालय, सिंहदरबार, काठमाडौ.....................१

नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः

म निवेदक विगत ५ वर्षदेखि नेपालको बातावरण र जैविक विवधताको संरक्षण र पशु कल्याणको क्षेत्रमा कार्यरत छु। मेरो अग्रसरतामा ककाली सामुदायिक बनबाट गैरकानूनी रुपमा संचालित वन्यजन्तु उद्यान बन्द गरिएको थियो। कुकुरहरुको व्यवस्थापन गर्नका लागि विनियमावली निर्माण गर्न सहभागी भएको थिए। नेपाल प्राकृतिक र साँस्कृतिक सम्पदाको धनी देश भएर नेपालमा १८१ प्रजातिका स्तनधारी जनवार र ८५० प्रजातिका चराचुरुङी पाईन्छ। यस कारण जैविक विविधतामा नेपाल विश्वकै २५ औ धनी देश हो। नेपालमा लुलु, अछामी, सिरी, खैला, याक, पहाडी, तराई गाई, लिमे, पारकोटे, गड्डी भैसी, च्याङ्ग्रा, सिन्हाल, खरी, तराई बाख्रा, भ्याङलुङ, बरुवाल, कागे, लामपुच्छ्रे भेडा, साकिनी, घाटी खुईले, प्वाख उल्टे कुखुरा, हुरी, च्वाचे, वापुङ्के सुगुर र जुम्ली घोडा जस्ता २५ प्रजाति भन्दा बढी पशुपक्षीहरु छन। यी प्रजाति मध्ये केही लोप भैसकेका छन, केही लोप हुने क्रममा छन। अन्य प्रजातिले पनि यथोचित संरक्षण नपाएको कारण क्रमशः

लोप हुदै गएका छन। यी विविध प्रजातिका जनावर र पशुपक्षीको संरक्षणको लागि नेपाल सरकार, नागरिक समाज र सामाजिक संघ संस्थाले विशेष कार्यक्रम नल्याउने हो भने धेरै प्रजातिहरु लोप हुने छन। रैथाने घर पालुवा पशुपक्षीहरु मध्ये इलाम जिल्लामा पाइने सिरी गाई त्यस जिल्लामा हाल लोप भएका छन। नवलपरासी, चितवन र चुरे पहाड लगायतका क्षेत्रमा पाईने वामपुड्के सुगुर पनि लगभग लोप हुने अवस्थामा पुगेका छन। उन्नत जातका पशुपक्षीको तुलनामा यी रैथाने पशुपक्षीको कम महत्व भए पनि यिनको महत्वलाई कम आक्न मिल्दैन। उन्नत जातका पशुपक्षीहरुले बढी उत्पादन गर्ने भए पनि विकट अवस्था, प्रतिकूल मौसम र न्यून आहारको कारण रैथाने पशुपक्षीले उन्नत जातका पशुपक्षीको तुलनामा कम उत्पादन गरेका हुन। रैथाने जातका पशुपक्षीले हाम्रो सामाजिक र आर्थिक जीवनमा युगौदेखि पु¥याउदै आएको योगदानलाई हामीले भुल्न हुँदैन।

नेपालमा हालसम्म रैथाने जातका घरपालुवा पशुपक्षीको अस्तित्व संरक्षणका लागि कानून निर्माण हुन सकेको छैन। यिनीहरुको संरक्षणका लागि नेपाल सरकार र सामाजिक संघ संस्थाले ठोस कार्यक्रम ल्याउन सकेको छैन। स्थानीय जातका पशुपक्षीहरुको आनुवाँशिक श्रोतको संरक्षणको लागि आनुवाँशिक वैकको स्थापना गर्ने, रैथाने पशुपक्षीको आनुवाँशिक शुद्वतामा असर पार्ने खालका वर्णशंकर र हाईव्रिड उत्पादन गर्ने कार्यालाई प्रतिवन्ध लगाउने र स्थानिय जातका पशुपक्षीहरुबाट उत्पादन बढाई उचित बजार एवं मूल्यको व्यवस्थापन गर्ने कार्यक्रम तथा गतिविधि पनि राज्यले सञ्चालन गर्न सकेका छैनौ। राष्ट्रिय अन्तराष्ट्रिय कानूनको अध्ययनबाट प्रत्येक जिवजन्तुको बाच्न पाउने नैसर्गिक अधिकार छ। कतिपय पशु व्यक्तिको स्वामित्वमा रहेर पनि राज्यको दायित्वभित्र परेका छन। स्टक होम घोषणापत्र, १९७२ मा बर्तमान तथा भावी पुस्ताका लागि पर्यावरण संरक्षण गर्नु र सावधानीपूर्वक व्यवस्थापन गर्नु मानिसको कर्तव्य हो भनिएको छ। Convention concerning the protection of the world cultural and natural Heritage, 1972 को धारा ४, ५ र ६ ले पनि अन्तरवंशिय समन्यायको सिद्वान्तलाई अंगिकार गर्दै भावी पुस्ताका लागि पनि प्राकृतिक र साँस्कृतिक सम्पदाहरुको संरक्षणका लागि राज्यले पर्याप्त दायित्व परिपालना गर्नु पर्ने उल्लेख छ। नेपाल पक्ष राष्ट्र भएको UNEP Biodiversity Convention, 1972 मा जैविक विविधताप्रतिको सचेतता स्वीकार गर्दै यसको पर्यावरणीय, जैविक सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक र मनोरञ्जनात्मक मूल्य भएको कुरालाई आत्मासात गरी प्रत्येक जीवमा रहेको आत्मा सम्मान र प्रतिष्ठाको विना भेदभाव संरक्षण हुनु पर्ने उदघोष भएको देखिन्छ। खास गरी UNEP Biodiversity

Convention, 1972 को धारा ८ ले संकटापन्न र दुर्लभ प्रजाति लगायतका जैविक विविधता संरक्षणका लागि आवश्यक कानूनी, प्रशासनिक तथा कार्यकारी उपायहरुको अवलम्वन गर्नुपर्ने दायित्व समेटेको पाईन्छ। नेपाल सन्धी ऐन, २०४७ को धारा ९ अनुसार उल्लिखित सन्धी र घोषणापत्र कानूनसरह लागू हुने हुँदा त्यसबाट उत्पन्न अधिकार एवं दायित्व नेपाल सरकारमा निहीत छ। त्यसमा पनि प्राचिन कालमा भगवानहरुको वाहन घरपालुवा जनावर र पशुपक्षी भएको देखिन्छ। धर्मग्रन्थमा पनि पशुपक्षीको अस्तित्व संरक्षण गर्नु पर्ने उल्लेख छ।

उपरोक्त बमोजिम रैथाने जातका पशुपक्षीको अस्तित्व जोगाएर राख्ने काम विपक्षी पशुपक्षी बिकास मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने भएकाले २०७३ साल मंसिर महिनामा सो मन्त्रालय र पशु उत्पादन निर्देशनालयलाई हाम्रा रैथाने जातका पशुपक्षीको अस्तित्व संरक्षणका लागि पशु आनुवाँशिक वैकको स्थापना गर्न, प्रवर्धनका लागि कृषक महोत्सव कार्यक्रम सञ्चालन गर्न, स्थानिय जातका पशुपक्षीबाट उत्पादित पशुजन्य उत्पादनका लागि उचित मूल्य र बजारको व्यवस्था गर्न, विशेषता पहिचानका लागि खोज तथा अनुसन्धानका कार्यहरु सञ्चालन गर्न, लोपोन्मुख पशुपक्षीलाई विदेशी जातका पशुपक्षीहरुसँग प्रजनन गराएर वर्णशंकर उत्पादन गर्ने कार्य तत्काल रोक्न र रैथाने जातका पशुपक्षीका लागि आवश्यक कानून, नीति र कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न पत्राचार गरिएको थियो। त्यसरी विपक्षी पशुपक्षी बिकास मन्त्रालय समेतलाई पत्राचार गर्दा समेत कुनै पहल नगरेकाले यस अदालतमा प्रस्तुत सार्वजनिक सरोकारको निवेदन गर्नु परेको हो।

अतः रैथाने जातका पशुपक्षीहरुको संरक्षणका लागि तत्कालै कानून निर्माण गर्नु, स्थानीय जातका पशुपक्षीहरुको विशेषता पहिचानका लागि खोज तथा अनुसन्धानका कार्यहरु अञ्चालन गर्नु, पशुपक्षी पाल्नका लागि कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नु, पशुजन्य उत्पादनको लागि उचित मूल्य र बजार व्यवस्था गर्नु, हरेक तीन तीन वर्षमा रैथाने जातका पशुपक्षीहरुको गणना गरी तथ्याङ्क अधावधिक गरी सार्वजनिक गर्नु, विश्वकै सानो गाईको रुपमा रहेर लोपोन्मुख रुपमा रहेको अछामी गाई, वामपुड्के, हुर्रा सुगुर, गड्डी भैसी, लाम्पुच्छ्रे भेडा, लुलु, खैला गाई, लिमे भैसी, लगायतका कम संख्यामा रहेका रैथाने जातका पशुपक्षीको आनुवाँशिक श्रोतको संकलन गरी पशु आनुवाँशिक वैकमा सुरक्षित राख्नु, लोपोन्मुख पशुपक्षीलाई विदेशी जातका पशुपक्षीहरुसँग प्रजनन गराएर वर्णशंकर उत्पादन गर्ने कार्य तत्काल रोक्नु र रैथाने जातका पशुपक्षीको संरक्षणका लागि अवलम्वन गर्नु पर्ने आवश्यक नीतिगत, प्राविधिक, बैज्ञानिक एवं प्रशासनिक उपायहरु सुझाउनका लागि सम्बन्धित

विशेषज्ञहरुको उच्चस्तरिय समिति गठन गरी सो समितिले दिएको प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराले आमोद दाहालले यस अदालतमा पेश गरेको रिट निवेदन।

यसमा १५ दिनभत्रि विपक्षीहरुबाट लिखित जवाफ मगाउनु भन्ने समेत व्यहाराको यस अदालतको मिति २०७३।११।२२ को आदेश।

नेपाल सरकार प्राकृतिक जैविक एंव साँस्कृतिक विविधता संरक्षण गर्ने विषयमा प्रतिबद्ध रही जनावरहरुको विभिन्न हक अधिकारहरुको समेत संरक्षणको निमित्त सदैव प्रयत्नशील रहेको छ। यस रिट निवेदनमा निवेदकले उठाएको विवादसँग असहमत हुनु पर्ने अवस्था नभए पनि निवेदकले नेपाल सरकार र सम्बन्धित निकायले जैविक विविधता संरक्षण सम्बन्धी गरेको कानूनी तथा संस्थागत प्रयासहरुलाई नजर अन्दाज गरी दायर गरेको रिट निवेदन प्रथम दृष्टिमै खारेजी भागी छ। नेपाल सरकारले पशुपक्षीहरुको संरक्षण तथा सम्वर्धनको निमित्त पशुपंक्षी विकास मन्त्रालयको स्थापना गरेको तथ्य विदितै छ। निवेदकले रैथाने जातका पशुपक्षीहरुको संरक्षण निमित्त माग गरेको कानून बनाउने निवेदन जिकिरका सम्बन्धमा के कस्तो कानूनी निर्माण गर्ने तथा भईरहेको कानूनको के कस्तो संशोधन गर्ने भन्ने विषय विधायिकाको क्षेत्राधिकार भित्रको विषय भएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको तर्फबाट यस अदालतमा पेश भएको लिखित जवाफ।

नेपाल सरकारको आ.व. 2073/074 को स्वीकृत नीति तथा कार्यक्रम बमोजिम पशु संकलन केन्द्र स्थापना भएको छ। त्यसै गरी पशु कल्याण प्रवर्द्धन कार्यक्रम र विभिन्न 25 स्थानीय प्रजातिका अनुवाँशिक श्रोत संरक्षण सम्वर्धन तथा उपयोग कार्यक्रमहरु सञ्चालनमा रहेका छन। पशुपक्षीको गणना गर्ने र पशु कल्याण कार्यविधि निर्माण गर्न कार्यक्रम सञ्चालन हुँदै आएको छ। निवेदकले पशुपक्षी संरक्षण समेतको लागि नीति, कार्यक्रम कानून निर्माण नगरेको भनी लिएको जिकीरको सम्वन्धमा नेपाल सरकारले कृषि अनुसन्धान परिषद् ऐन, २०४८, पशु स्वास्थ्य तथा पशु ऐन, २०५५, नियमावली, २०५६, पशु वधशाला तथा मासु जाँच ऐन, २०५५, नियमावली, २०५७, पशु ढुवानी मापदण्ड, २०६४, पशुपक्षी पालन नीति, २०५८, जैविक पदार्थ सम्बन्धी भेटनरी मापदण्ड, २०६३, स्थानिय कुखुरामा रानिखेत रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०, वर्डफ्लु रोग नियन्त्रण आदेश, २०६४, सामुदायिक बाख्रा श्रोत केन्द्र बिकास कार्यक्रम कार्यान्वयन सञ्चालन

निर्देशिका, २०७०, युवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१, भ्यागुते र चर्चरे रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ समेतका कानूनहरु निर्माण गरी प्रयोगमा ल्याएको छ। त्यसमा पनि निवेदकले निवेदनमा उल्लेख गरेबमोजिमको कानून बनाउने अधिकार नेपालको संविधानको धारा 109 र धारा 162 को उपधारा 4, धारा 197, अनुसूची 6 र 8 बमोजिम प्रदेश र स्थानीय तहको भएको देखिँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराले विपक्षी पशुपक्षी बिकास मन्त्रालयले यस अदालतमा पेश गरेको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजातको अध्ययन गरी विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री गोपाल लामिछानेले निवेदकले नेपालमा १८१ प्रजातिका स्तनधारी जनवार र ८५० प्रजातिका चराहरु पाईन्छ भनी उल्लेख गरेको व्यहोरा सही साँचो हो। त्यसमध्ये कतिपय प्रजातिका पशुपक्षी लोप हुँदै गएका पनि छन। कोही लोपोन्मुख हुँदै छन। लोप हुन लागेका पशुपक्षीको हित संरक्षण र सम्वर्धन गर्न नेपाल सरकार सदैव प्रयत्नशील रहेको कुरा लिखित जवाफबाट देखिन्छ। पशुपक्षीहरुको हित संरक्षण समेतको लागि पशुपक्षी मन्त्रालयको स्थापना भएको देखिन्छ। निवेदकले सम्बन्धित मन्त्रालयले पशुपक्षीको सम्बन्धमा कानून निर्माण नगरेको भनी सार्वजनिक सरोकारको विवाद भनी निवेदन दिएको देखिन्छ। तर निवेदक सार्वजनिक हक वा सरोकारको दावी लिई आउँदा सार्वजनिक प्रकृतिको विषयवस्तुमा निवेदकको के कसरी सार्थक सम्बन्ध (Substantial Interest) र तात्विक सरोकार (Meaningful Relation) रहेको हो भन्ने कुरा प्रष्ट उल्लेख हुन सकेको छैन।सार्वजनिक सरोकारको विवादमा निवेदकको सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको नदेखिएमा रिट जारी नहुने सम्बन्धमा यस अदालतबाट नेकाप २०६७, माघ, ८४८४ मा सिद्दान्त प्रतिपादन भएको छ। उक्त प्रतिपादित सिद्दान्त समेतबाट रिट निवेदन समर्थित हुन नसकेको हुँदा समेतका आधार र कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुनु पर्दछ भन्ने समेत व्यहोराले प्रस्तुत गर्नु भएको बहस समेत सुनी निवेदन माग बमोजिम आदेश जारी हुनु पर्ने हो, होईन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

निर्णयतर्फ विचार गर्दा निवेदकले नेपालमा १८१ प्रजातिका स्तनधारी जनवार र ८५० प्रजातिका चराचुरुङ्गी मध्ये लुलु, अछामी, सिरी, खैला, याक, पहाडी, तराई गाई, लिमे, पारकोटे, गड्डी भैसी, च्याङ्ग्रा, सिन्हाल, खरी, तराई बाख्रा, भ्याङलुङ, बरुवाल,

कागे, लामपुच्छ्रे भेडा, साकिनी, घाटी खुईले, प्वाख उल्टे कुखुरा, हुरी, च्वाचे, वापुङ्के सुगुर र जुम्ली घोडा जस्ता २५ प्रजाति भन्दा बढी पशुपक्षीहरु कानूनको अभावमा यथोचित संरक्षण नपाई केही लोप भैसकेका छन, केही लोप हुने क्रममा छन। रैथाने जातका घरपालुवा पशुपक्षीको अस्तित्व संरक्षणका लागि कानून निर्माण हुन सकेको छैन। स्टक होम घोषणापत्र, १९७२, Convention concerning the protection of the world cultural and natural Heritage र UNEP Biodiversity Convention, 1972 अनुसार पशुपक्षीको अस्तित्व संरक्षण गर्ने दायित्व राज्यको हुने हुँदा विपक्षी पशुपक्षी बिकास मन्त्रालय र पशु उत्पादन निर्देशनालयलाई २०७३ साल मंसिर महिनामा पशुपक्षीको अस्तित्व संरक्षणका लागि पशु आनुवाँशिक वैकको स्थापना गर्न समेत माग गरी पत्राचार गर्दा समेत विपक्षी पशुपक्षी बिकास मन्त्रालयबाट केही पहल नभएकाले लोपोन्मुख पशुपक्षीलाई विदेशी जातका पशुपक्षीहरुसँग प्रजनन गराएर वर्णशंकर उत्पादन गर्ने कार्य तत्काल रोक्नु र रैथाने जातका पशुपक्षीको संरक्षणका लागि नीतिगत, प्राविधिक, बैज्ञानिक एवं प्रशासनिक उपायहरु सुझाउनका लागि सम्बन्धित क्षेत्रमा विशेषज्ञहरुको उच्चस्तरिय समिति गठन गर्नु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराले रिट निवेदन दायर गरेको देखिन्छ।

रिट निवेदनको अध्ययन गर्दा निवेदकले मुख्य रुपमा हाम्रो देशमा 181 प्रजातिका स्तनधारी जनावर र 850 प्रजातिका चराचुरुङ्गी पाईएका मध्ये लुलु, अछामी, सिरी, खैला, याक, पहाडी, तराई गाई, लिमे, पारकोटे, गड्डी भैसी, च्याङ्ग्रा, सिन्हाल, खरी, तराई बाख्रा, भ्याङलुङ, बरुवाल, कागे, लामपुच्छ्रे भेडा, साकिनी, घाटी खुईले, प्वाख उल्टे कुखुरा, हुरी, च्वाचे, वापुङ्के सुगुर र जुम्ली घोडा जस्ता २५ प्रजाति लोपोन्मुख अवस्थामा छन। केही लोप भैसकेका छन्। रैथाने जातका घर पालुवा पशुपंक्षीलाई विदेशी जातका पशुपंक्षीहरुसँग प्रजनन गराएर बर्णशंकर उत्पादन गराएबाट रैथाने जातका पशुपंक्षीहरु लोपोन्मुख भएका हुँदा रैथाने जातका २५ प्रजातिका जनावर र चराचुरुङ्गीको यथोचित अस्तित्व संरक्षणको लागि कानून निर्माण गर्न परमादेशको माग गरेको देखियो। निवेदकले निवेदनमा उल्लेख गरेका २५ प्रजाति नेपालका रैथाने प्रजाति भएको तथ्यमा विवाद देखिएन।

उल्लेखित रैथाने जातका पशुपंक्षीले हाम्रो सामाजिक र आर्थिक जीवनमा युगैदेखि पुऱ्याउदै आएको योगदानलाई अन्यथा भन्न सकिने अवस्था छैन। हाम्रो सामाजिक र आर्थिक जीवनमा योगदान पुऱ्याउने पशुपंक्षीको अस्तित्व लोप हुदै लोपोन्मुख अवस्थामा पुग्नु पक्कै पनि

राम्रो होइन। हाम्रो जीवनमा सामाजिक र आर्थिक योगदान पुऱ्याउने पशुपक्षीको अस्तित्व लोप नहोस भन्नका लागि निवेदकले सार्वजनिक सरोकारको विवाद भनी प्रस्तुत विवादको उठान गरेको देखिन्छ। स्टक होम घोषणापत्र, १९७२ ले बर्तमान तथा भावी पुस्ताका लागि पर्यावरण संरक्षण गर्नु र सावधानीपूर्वक व्यवस्थापन गर्नु मानिसको कर्तव्यभित्र पारेको देखिन्छ। Convention concerning the protection of the world cultural and natural Heritage, १९७२ ले अन्तरवंशीय समन्यायको सिद्दान्तलाई अंगिकार गर्दै भावी पुस्ताका लागि पनि प्राकृतिक र साँस्कृतिक सम्पदाहरुको संरक्षण गर्ने दायित्व राज्यको हुने व्यवस्था गरेको छ। UNEP Biodiversity Convention, १९७२ ले जैविक विविधताप्रतिको सचेतता स्वीकार गर्दै यसको पर्यावरणीय, जैविक सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक र मनोरञ्जनात्मक मूल्य आत्मासात गरी बिना भेदभाव प्रत्येक जीवको आत्मा सम्मान र प्रतिष्ठाको संरक्षण हुनु पर्ने उदघोष गरेको अवस्थाले निवेदकले विभिन्न ७ बुदामा उठाएको विषयवस्तु सान्दर्भिक देखिन्छ।

तर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफबाट नेपाल सरकार प्राकृतिक र साँस्कृतिक विविधता संरक्षण गर्न प्रतिवद्ध रही जनावरहरुको संरक्षणको निमित्त सदैव प्रयत्नशील रही कानून निर्माण गर्न र संस्थागत संरचना निर्माण गर्न लागी परेको देखिन्छ। विपक्षी पशुपक्षी बिकास मन्त्रालयको लिखित जवाफबाट विपक्षी नेपाल सरकारको आ.व. २०७३।०७४ को नीति तथा कार्यक्रममा पशु संकलन केन्द्र स्थापना गर्ने भनी ल्याएको कार्यक्रम अनुसार पशु कल्याण कार्यक्रम, विभिन्न २५ स्थानीय प्रजातिका आनुवाँशिक श्रोत संरक्षण प्रवर्धन तथा उपयोग कार्यक्रमहरु सञ्चालन भै पशुपक्षीको गणना गर्ने एवं पशु कल्याण कार्यविधि निर्माण गर्ने कार्य हुँदै आएको भन्ने देखिन्छ। उपरोक्त बमोजिम विपक्षीहरुको लिखित जवाफबाट निवेदकको केही माग पूरा भएको र केही माग पूरा हुँदै गरेको देखियो। यसरी निवेदकको केही माग पूरा भएको र केही माग पूरा हुँदैं गरेको अवस्थामा निवेदन माग बमोजिमको कानून निर्माण गर्नु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गर्नु पर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

उपरोक्त बमोजिम रिट निवेदन खारेज हुने ठहर भए पनि प्रस्तुत रिट निवेदनमा उठान भएको विषयवस्तुको अध्ययनबाट रैथाने जातका पशुपक्षीको संरक्षणका लागि हाल भै रहेको नीति, कार्यक्रम र कानूनी व्यवस्था पर्याप्त भए नभएको सम्बन्धमा अध्ययन गरी विपक्षी नेपाल सरकारमा प्रतिवेदन पेश गर्न तीन जना विशेषज्ञहरु सम्मिलित अध्ययन समितिको गठन गर्नु भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको छ।

प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिई रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु।

का. मु. प्रधान न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः भीमबहादुर निरौला
ईति सम्वत २०७४ साल चैत्र महिना १९ गते रोज २ शुभम् ---------------------।